जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०६२ | २०८२ साल असोज ३० गते बिहीवार | Thursday-16-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बाराका दुई स्थानीय तहको किता काट खुले पनि हाल १४ पालिकाको खुलेन किता काट सेवा ग्राही झन समस्यामा

***उपेन्द्र पासवान***
***असोज, २८ कलैया***

भू-उपयोग नियमावली जारी भएको करिब चार वर्ष बित्दासम्म बाराको १६ पालिकामध्ये २ मात्र स्थानीयतहले जग्गाको वर्गीकरण गरि किता काट खोलेको छ । बाँकी १४ वटा पालिकाले जग्गा वर्गीकरण गर्ने प्रक्रियामा लागेका

छन् । जग्गाको वर्गीकरण नगरे पुनः कित्ताकाटलगायत जग्गा प्रशासन सम्बन्धी काम ठप्प हुने जनाइएको छ । कोल्बी नगरपालिका र कलैया उपमहानगरपालिकाले जग्गा बर्गिकरण गरि नापी कार्यालय बारा कलैया लाई बुझाएको छ ।जस अनुसार हाल दुई पालिकाको किता काट खुलेको छ बाकि चौद पालिकाको किता काट सम्बन्धि काम काज प्रभावित भएको जानकारि आएको छ ।

किता काट खुलेको पालिकाहरुको जनता खुशी भएको छ । नयाँ नियमावलीले जग्गाको वर्गीकरण नगरी कित्ताकाट गर्न नमिल्ने व्यवस्था गरेको छ भने स्थानअनुसार कस्तो जग्गा कति मात्रामा कित्ताकाट गर्न मिल्छ भन्ने पनि तोकेको छ ।उक्त व्यवस्था कार्यान्वयन गराउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-उपयोग नियमावली २०७९/२/२३जारि गरि एउटा निर्णय गर्दै सम्बन्धित निकायहरूलाई पत्राचार



गरेको थियो ।

त्यसमा नियमअनुसार अब नेपालमा जग्गा विभिन्न १० वटा समूहमा वर्गीकरण हुने व्यवस्था गरिएको छ । त्यसरी वर्गीकरण गरिएका समूहमा कृषि, आवासीय, व्यावसायिक, औधोगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व र नेपाल सरकारबाट आवश्यकतानुसार तोकिएका अन्य क्षेत्र छन् ।

यी क्षेत्रहरुमा जग्गा बर्गिकरण गर्न स्थानीय तहहरु लाई जिमेवारी दिएको अधिकारीहरूले बताएका छन । भू-उपयोग नियमावलीको दफा ५ को नियम-२ बमोजिम १ बर्ष भित्र आवासीय,गैर आवासीय कृषि क्षेत्रमा बिभागले किता काटको लागि फुकुवा गरेको थिए भने २०८२असार मसान्त सम्म म्याद समाप्त भएको नापी कार्यालय बारा कलैयाले जानकारी गराएको छ ।

स्थानीय तहहरुले समयमा जग्गा बर्गिकरण नगरेको कारण २०८२ श्रावण १ गते देखि पूर्ण रुपमा किता काट गर्न रोक लागेको छ । नापी कार्यालय बारा कलैयाले जितपुर सिमरा उपमहानगर पालिका महागढीमाई नगरपालिका पचरौता नगर पालिका देवताल गाँउपालिका, सुवर्ण गाँउपालिक, करैयामाई गाँउपालिका, बारागढी गाँउपालिका, परवानीपुर गाँउपालिका, विश्रामपुर गाँउपालिका, फेटा गाउँपालिका, प्रसौनी गाउँपालिका, लाई जग्गा वर्गीकरणको लागि पटक पटक जानकारि पत्र तथा ताकेता गरे पनि बाकि स्थानिय तहहरुले कुनै चासो नदेखाएको जानकारी प्राप्त भएको छ । त्यसरी वर्गीकरण गर्ने काम स्थानीय तहमा रहको भू-उपयोग परिषदले गर्नुपर्ने नापी कार्यालय बारा कलैयाको कार्यालय प्रमुख ई.सुबोध यादवले जानकारी गराएका छ्न ।

कलैया उपमहानगरपालिका र कोल्बी नगरपालिका बाहेकको स्थानीयतहहरुको ससिम किताको जग्गा नामसारी, अदालतको कामहरु, दृस्टीबन्धकी रोक्का, गर्न मिल्ने साथै दिनहु सयौ संख्यामा किता काट जग्गा पास गर्नको लागि सेवा ग्राहीहरुले धाउने गरेको भुमि सुधार तथा मालपोत कार्यालय बारा कलैयाको सुचना अधिकारि सागर कुमार साहले जानकारी गराउनु भएको थिए ।

त्यसै गरि दाजु भाईको अंश भरपाई, अंश बन्डा किता काट गर्नु पर्ने हो तर नापी कार्यालय र मालपोत कार्यालय बारा कलैयाले किता काट रोक लगाई सेवा ग्राहीहरु लाई झन दुख दिने गरेको छ नेपाल लेखापढी कानुन व्यवसायी एसोशिएशन बारा कलैयाको अध्यक्ष बृजकिशोर यादव( भगत जी)ले बताए छन ।

जग्गा बर्गिकरण नभएकै कारन धितो राखेर ऋण पाउन गाह्रो भएपछी सर्वसाधारणको बिहेबारी, छोरा छोरीका पढ़ाई, अंशबन्डा जस्ता अत्यावश्यक सामाजिक कार्यमा अवरुद्ध हुदै आएकोले जनसहभागिता दबाव मुलक अभियान संचालन गर्नु पर्ने बताए ।

## प्रहरी दिवसमा रक्तदान कार्यक्रम, ७१ जनाले गरे रगत दान



***बारा, २८ असोज***

७०औं प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय बाराले बुधबार रक्तदान कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा ७१ जनाले रगतदान गरेका छन् । कार्यक्रमको सुरुवात जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एवम् प्रहरी उपरीक्षक सन्तोष तामाङले गरेका थिए । कार्यक्रममा प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता बिजयराज पण्डित, ईलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेदप्रकाश जोशीसहित नेपाल प्रहरीका विभिन्न तहका अधिकृत तथा जवान, निजामती कर्मचारी, सञ्चारकर्मी, खेलाडी, स्थानीयलगायतले रगत दान गरेका थिए ।

प्रादेशिक अस्पताल कलैया र रक्त संचार केन्द्रको प्राविधिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो । प्रहरी दिवसको अवसरमा प्रहरीले जिल्लाभर विभिन्न रचनात्मक कार्यक्रम गर्ने भएको छ ।

प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रमले समुदाय र सुरक्षाकर्मीबीच आपसी सहयोग र मानवीय भावनालाई अझ सुदृढ बनाउने विश्वास लिएको प्रहरी उपरीक्षक तामाङले बताए ।

## तिहार नजिकिएसंगै कपिलवस्तुका कोहार समुदाय मोटोको भाँडा बनाउन ब्यस्त

***अजय मिश्र,***
***कृष्णानगर, २८ असोज***

तिहार नजिकिएसँगै कपिलवस्तुका स्थानीय कोहार समुदाय माटोका पाला बनाउन व्यस्त छन् । जिल्लाको कृष्णानगर नगरपालिका, महाराजगंज नगरपालिका, विजयनगर गांउपालिका, शिवराज नगरपालिका, कपिलवस्तु नगरपालिका लगायत अन्य पालिकाका कोहार समुदायले माटाको भाँडा बनाउँदै आएको र तिहारमा माटोका दियो लगायतका भाँडा बनाउन व्यस्त रहेका हुन् । तिहारमा माटोको दियो माग धेरै हुने भएकाले पाला बनाउन भ्याइनभ्याई भएको कृष्णानगर १० बकौलीका चिन्कु कोहारले बताउनुभयो । उहाँले माटोको पालाको माग अनुसारको बनाउन नसकिएको उल्लेख गर्नुभयो । जिल्लामा उत्पादन भएका सदरमुकाम तौलिहवा, महाराजगंज , कृष्णानगर, चन्द्रौटा , मर्यादपुर, पकडी, लबनी लगायतका स्थानमा पुगि कोहार समुदायले बेच्ने गरेको बताउँछन् ।

अहिले बजारमा प्लास्टिकका दियोहरू आएपनि माटोका दियोको मागमा भने कुनै कमी नआएको उनीहरुको भनाइ छ । गत वर्षको तुलनामा यस वर्ष माटोका पालाको भाउमा कुनै तलमाथि



नभएको उनीहरूले बताएका छन् । कपिलवस्तुका कोहार समुदायले अहिले माटोका दियो, कोसिया, चकिया, घण्टी, गाग्री लगायत सामान बनांउदै आए पनि अन्य समयमा पनि गमला, खुत्रुके लगायत माटोका सामानहरू बनाउँदै बिक्रीबितरण गर्दै आएका छन् ।

## जितेन्द्र सोनल मधेश प्रदेशका नयाँ मुख्यमन्त्री नियुक्त

***जनकपुर, २८ असोज***

मधेश प्रदेशको नयाँ मुख्यमन्त्रीमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्र सोनल नियुक्त भएका छन्। प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम सोनललाई मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् ।

सोनलले आजै ६ दलको समर्थनमा ५७ प्रदेश सांसदको हस्ताक्षरसहित मुख्यमन्त्री नियुक्तिको दाबी प्रदेश प्रमुख कार्यालयमा पेश गरेका थिए ।

उता नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले जनमत पार्टीका १३ सांसदको समर्थन रहेको भन्दै छुट्टै दाबी पेश गरेका थिए। तर, जनमत पार्टीले कांग्रेसको दाबी खारेज गर्दै सोनललाई समर्थन गरेको जनाइएको छ। मुख्यमन्त्री नियुक्तिको



क्रममा प्रदेश प्रमुख कार्यालयमा कांग्रेस र लोसपाको पक्षबीच तनाबसमेत सिर्जना भएको थियो। जनमतले अन्ततः सोनललाई समर्थन गरेपछि कांग्रेस र एमालेले जनमत फोडेरै सरकार बनाउने प्रयास असफल भएको छ ।

यसबीच, जनमत पार्टीका निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र पूर्व वनमन्त्री त्रिभुवन साह 'दीपक' जनस्वाराज पार्टी (जस्वपा) मा सनाखत भएका छन् । सिंह निर्वाचन आयोगमा सनाखत गर्न पुगेका बेला जनमतका कार्यकर्ताले रोक्न खोज्दा सामान्य झडप समेत भएको थियो ।

**देवाही गोनाही नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

देवाही गोनाही नगरपालिकाको कार्यालय, प्रेमपुर गोनाही, रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# नेपाल शान्त भएको सन्देश देऊ

देश अहिले राजनीतिक परिवर्तन र नयाँ आशाको चरणमा प्रवेश गरिरहेको बेला जेन-जी आन्दोलनका क्रममा उत्पन्न भएका केही गम्भीर चुनौतीले मुलुकको शान्ति र सुरक्षामा प्रश्न उठाएका छन् । आन्दोलनको चपेटामा परेर देशभरका २८ वटा कारागार र ६ वटा बालसुधार गृहबाट १४ हजार ५ सय ५३ कैदीबन्दी फरार भएका घटना कुनै सामान्य विषय होइन ।

आजसम्म पनि झन्डै ५ हजार ७ सय जना फरार छन् भने सयौं हतियारसमेत हराइरहेका छन् । यसले मुलुकको शान्ति, कानुनी शासन र अन्तर्राष्ट्रिय छविमाथि गहिरो असर पार्छ । कारागारबाट भागेकामध्ये धेरैजसो अझै नियन्त्रणमा आउन नसक्नुले राज्य संयन्त्रको कमजोरी देखाउँछ । सरकार र सुरक्षा निकायले तत्काल विशेष अभियान चलाएर कैदीहरुलाई नियन्त्रणमा लिन थाले पनि अझै हजारौं फरार छन् । केही कैदीहरुले पुनः अपराध गरेको समाचार पनि आएका छन्, जसले आम नागरिकमा भय र असुरक्षाको वातावरण सिर्जना गरिरहेको छ ।

अपराधी र फरार कैदीहरु खुलेआम समाजमा रहनु भनेको शान्ति-सुरक्षाको मूलभूत धुरी नै कमजोर हुनु हो । २५ करोड नगदसहित पक्राउ परेका कुसाङ लामासहितका अभियुक्त फरार हुँदा गम्भीर अपराधको छानबिनसमेत प्रभावित हुन्छ । अर्कोतर्फ, कैदीहरुसँगै हराएका सरकारी हतियारहरु अहिले पनि पूर्वमेचीदेखि महाकालीसम्म फैलिएको देखिएको छ । तीमध्ये केही हतियार अपराधमा प्रयोग भएको पुष्टि भइसकेको छ । यस्ता संवेदनशील हतियार गलत व्यक्तिको हातमा परे भने घोषित निर्वाचन र आम जनजीवन दुवै जोखिममा पर्न सक्छ ।

यो केवल आन्तरिक विषयमात्र होइन, अन्तर्राष्ट्रिय समुदायले पनि यसलाई गम्भीर रुपमा हेर्ने सम्भावना छ । नेपाल लामो समयदेखि शान्ति, बुद्धको जन्मभूमि र सहिष्णुताको प्रतीकको रुपमा चिनिँदै आएको देश हो । तर यदि मुलुकमै असुरक्षाको वातावरण फैलियो भने नेपालको यो सकारात्मक छवि विश्व मञ्चमा धमिलिन सक्छ । सुरक्षाको कमजोरीले कतिपय देशले नेपाली नागरिकलाई भिसा प्रक्रियामा पनि कडाइ गर्न थालेका छन् । यस्तो अवस्थामा सरकारले नेपाल शान्त छ भन्ने स्पष्ट सन्देश दिन अत्यावश्यक छ ।

त्यसैले अब तीनवटा कार्य तुरुन्त गर्नुपर्छ । पहिलो, फरार कैदी र हराइरहेका हतियारहरुको खोजी तथा नियन्त्रणमा कडाइ गर्नुपर्नेछ । दोस्रो, कारागार सुरक्षा प्रणालीलाई डिजिटल र सुदृढ बनाउनु पर्नेछ । तेस्रो, नागरिकमा शान्ति र कानुनी राज्यप्रतिको विश्वास पुनर्स्थापित गर्न प्रभावकारी सञ्चार नीति अपनाउनु पर्नेछ । अहिले पर्यटनको मुख्य सिजन हो, असुरक्षाका कारण धेरै पर्यटकले नेपालको यात्रा कटौती गरेका छन् । यस्ता थुप्रै नकारात्मक प्रभाव मुलुकले भोग्नु परेको छ । नयाँ सरकार गठनसँगै मुलुकमा नयाँ आशा जागेको छ । यही बेला सरकारले ठोस कदम चालेर जनतामा सुरक्षा र स्थायित्वको भरोसा जगाउनुपर्छ ।

जेन-जी आन्दोलनले दिएको सन्देशलाई सुधार र शान्तिको दिशामा लैजाने जिम्मेवारी पनि यही सरकारले लिनुपर्छ । शान्त, सुरक्षित र स्थिर नेपाल विश्वसामु प्रस्तुत गर्नु अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो । नेपाल शान्त भएको सन्देश केवल नारा होइन, यो हाम्रो अस्तित्व, गरिमा र भविष्यसँग जोडिएको विषय हो । यसमा सबै पक्ष गम्भीर हुनुपर्छ ।

# नेपालमा स्मार्ट सिटी कहिले ?



रविप्रसाद बराल

***स्मार्ट सिटी केवल आधुनिक भवन र डिजिटल प्रविधिमात्र होइन, यो जीवनलाई सहज, सुरक्षित, दिगो र समावेशी बनाउन आवश्यक दृष्टिकोण हो। जहाँ नागरिकलाई गुणस्तरीय सेवा, स्वच्छ वातावरण, सुरक्षित जीवन, दिगो अर्थतन्त्र र अवसर प्राप्त हुन्छ ।***

आजको युग प्रविधि र नवप्रवर्तनको युग हो । विश्वका प्रमुख सहरहरू तीव्र गतिमा विकास र सहरीकरण हुँदै गइरहेका छन् । यससँगै ट्राफिक जाम, प्रदूषण, ऊर्जा संकट, फोहोर व्यवस्थापन, स्वास्थ्य तथा शिक्षा सेवामा असमानताजस्ता चुनौती पनि बढिरहेका छन् । यस्ता समस्याहरूको दिगो समाधानका लागि 'स्मार्ट सिटी' अवधारणाको कार्यान्वयन अपरिहार्य भएको छ । नेपालमा चुनावी नारामा सीमित रहेको स्मार्ट सिटीको अवधारणालाई आधुनिक सहर व्यवस्थापनको मुख्य लक्ष्यका रूपमा अघि बढाउनु आवश्यक छ ।

स्मार्ट सिटी भन्नाले प्रविधि, सूचना तथा सञ्चार प्रविधि, हरित ऊर्जा, दिगोपन र नागरिकमैत्री सेवाहरूलाई एकीकृत गरेर सञ्चालन गरिने आधुनिक सहरलाई जनाइन्छ । यस्तो सहर परम्परागत सहरभन्दा बढी दक्ष, पारदर्शी, सुरक्षित र जीवनशैलीलाई सहज बनाउने उद्देश्य राख्छ । सरल भाषामा भन्नुपर्दा, जहाँ यातायातदेखि प्रशासनिक सेवा, स्वास्थ्य, शिक्षा, ऊर्जा र मनोरञ्जनसम्मका सबै पक्ष स्मार्ट प्रविधिको माध्यमबाट द्रुत, प्रभावकारी र सजिलो रूपमा सञ्चालन हुन्छन्, त्यस्तो सहर नै स्मार्ट सिटी हो ।

गत भदौ २३ र २४ मा जेन-जी आन्दोलनका क्रममा भएका अनधिकृत घुसपैठका कारण धेरै नगरपालिका तथा गाउँपालिकाका कार्यालय र पूर्वाधारहरू क्षतिग्रस्त भएका छन् । राजनीतिक स्थिरता पनि कायमै रहेकाले नेपालमा स्मार्ट सिटी निर्माणको मार्गमा थप चुनौती उत्पन्न गरेको भए पनि अवसरहरू पनि त्यत्तिकै छन् ।

स्मार्ट सिटीको विशेषता : स्मार्ट सिटीको पहिलो विशेषता डिजिटल प्रशासन हो, जसले नागरिकलाई सरकारी सेवा छिटो, पारदर्शी र अनलाइनमार्फत उपलब्ध गराउँछ । कर तिर्ने, जग्गा दर्ता वा नागरिकता प्रमाणपत्रजस्ता प्रक्रिया मोबाइल एपबाटै सम्पन्न गर्न सकिन्छ । स्मार्ट यातायात व्यवस्थापनमा सेन्सर र डिजिटल सिग्नलको प्रयोगले ट्राफिक जाम घटाउँछ ।

सार्वजनिक यातायातमा कार्ड वा मोबाइल एपमार्फत भुक्तानी गर्न सकिने व्यवस्था यात्रुका लागि सहज हुन्छ । स्वच्छ ऊर्जा र वातावरणीय सन्तुलनमा स्मार्ट सिटीले सौर्य, पवन र जलविद्युत्मा आधारित नवीकरणीय ऊर्जा प्रयोगलाई प्राथमिकता दिन्छ । सडकबत्ती सौर्य ऊर्जाबाट सञ्चालन हुने र भवनमा सौर्य प्यानल जडान गरिने व्यवस्था वातावरणमैत्री हुन्छ । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन सेवाले घरमै बसेर विशेषज्ञसँग परामर्श गर्न सकिने सुविधा दिन्छ ।

शिक्षा क्षेत्रमा डिजिटल शिक्षण प्रणाली र अनलाइन क्लासले सिकाइलाई आधुनिक र पहुँचयोग्य बनाउँछ । सुरक्षाका लागि सीसीटीभी क्यामेरा, डिजिटल निगरानी र आपत्कालीन सूचना प्रणालीको प्रयोग गरिन्छ, जसले आकस्मिक घटनामा तुरुन्त हल गर्न सकिन्छ । फोहोर व्यवस्थापनमा आईओटी प्रविधिको प्रयोग गरिन्छ, जसले कन्टेनर भरिँदा स्वचालित रूपमा सूचना पठाउँछ र संकलन तथा पुनर्प्रयोगलाई प्रभावकारी बनाउँछ ।

नागरिकले पाउने सुविधा : स्मार्ट सिटीमा अधिकांश सेवा अनलाइन उपलब्ध हुने भएकाले नागरिकले सरकारी कार्यालय धाउनुपर्ने आवश्यकता घट्छ । कर तिर्ने, घरनक्सा पास गर्ने वा नागरिकता प्रमाणपत्र लिन मोबाइल एपमार्फत सहजै सम्पन्न गर्न सकिन्छ । सार्वजनिक यातायातमा स्मार्ट कार्ड वा क्यूआर कोडमार्फत भुक्तानी सम्भव भएकाले यात्रुहरू नगद बिना यात्रा गर्न सक्छन् । स्मार्ट ट्राफिक सिग्नल र सेन्सरको प्रयोगले ट्राफिक जाम न्यूनीकरणमा सहयोग पुऱ्याउँछ, जसको परीक्षण हाल काठमाडौं उपत्यकामा भइरहेको छ । स्वास्थ्य क्षेत्रमा टेलिमेडिसिन प्रणालीले बिरामीलाई घरमै बसेर विशेषज्ञ डाक्टरसँग परामर्श गर्न सुविधा दिन्छ । प्रयोगशालाबाट प्राप्त रिपोर्ट अनलाइनमा पठाउन सकिने भएकाले अस्पताल धाउनुपर्ने झन्झट कम हुन्छ । आपत्कालीन अवस्थामा एम्बुलेन्स सेवा तुरुन्त उपलब्ध गराउने व्यवस्था पनि स्मार्ट सिटीको विशेषता हो । स्मार्ट सिटीले फोहोर व्यवस्थापन, हरियाली पार्क निर्माण तथा सार्वजनिकस्थलको सरसफाइमा प्राथमिकता दिन्छ । उदाहरणस्वरूप, पोखराको फेवाताल क्षेत्र वरपर हरियाली पार्क र स्मार्ट फोहोर व्यवस्थापन प्रणाली लागू भए सहर अझ आकर्षक बन्न सक्छ । सुरक्षा व्यवस्थामा सीसीटीभी क्यामेरा, डिजिटल निगरानी प्रणाली तथा आपत्कालीन सूचना सेवा प्रयोग गरिन्छ, जसले सुरक्षित वातावरण सुनिश्चित गर्छ । पर्यटकीय क्षेत्रहरूमा यसले अपराध नियन्त्रणमा उल्लेखनीय योगदान पुऱ्याउँछ ।

शिक्षा क्षेत्रमा स्मार्ट बोर्ड, डिजिटल पुस्तकालय तथा अनलाइन अध्ययन सामग्रीको प्रयोगले विद्यार्थीलाई आधुनिक सिकाइको अवसर प्रदान गर्दछ । स्मार्ट सिटीले सेवा छिटो, गुणस्तरीय र समावेशी बनाउँदै नागरिकको जीवनस्तर सुधार गर्छ । यसले स्वास्थ्य, वातावरण, रोजगारी र पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउँछ । साथै दुर्गम क्षेत्रका नागरिकलाई समान अवसर दिँदै सामाजिक विभाजन घटाउन सहयोग पुऱ्याउँछ ।

नेपालमा स्मार्ट सिटीको सम्भावना : विश्वमा सहरीकरण तीव्र गतिमा अगाडि बढिरहेको छ । हाल विश्व जनसंख्याको करिब ५ सय ७५ सहरमा बसोबास गर्छन् । सन् २०५० सम्म यो अनुपात ७० प्रतिशत पुग्ने अनुमान गरिएको छ । नेपालमा आन्तरिक बसाइँसराइ र नगरपालिका विस्तारका कारण सहरीकरण तीव्र गतिमा बढिरहेको छ ।

नेपालमा हाल ७ सय ५३ वटा स्थानीय तहमध्ये २ सय ९३ वटा सहरी नगरपालिका छन् । सहरीकरणको स्तर शीर्षकको प्रतिवेदनले देखाएअनुसार सन् २०११ मा २२.३१ प्रतिशत रहेको नेपालको सहरी जनसंख्या सन् २०२४ मा बढेर २७.०७ प्रतिशत पुगेको छ । काठमाडौं उपत्यकाका तीन सहरहरूका साथै पोखरा, भरतपुर, धरान, विराटनगर र नेपालगन्जजस्ता ठूला सहरमा जनसंख्या बढ्दै गएको छ । यी सहरहरू अहिले वायु प्रदूषण, बढ्दो फोहोर, असुरक्षित यातायात, अनियोजित बस्ती विस्तार र पानीको अभावजस्ता गम्भीर समस्याहरूको सामना गरिरहेका छन् । काठमाडौंमा ट्राफिक जामका कारण यात्रुले दैनिक घण्टौं सडकमा बिताउनुपर्छ भने पोखरामा फोहोर व्यवस्थापन अझै पनि स्थायी समाधानको प्रतीक्षामा छ ।

यस्ता समस्याको दिगो समाधान स्मार्ट सिटी अवधारणामार्फत सम्भव छ । प्रविधि र दिगोपनमा आधारित स्मार्ट सिटीले नागरिक जीवनलाई सहज, सुरक्षित र समावेशी बनाउन सक्छ । नेपालका केही सहरहरूले यस अवधारणालाई अभ्यास गर्ने प्रयास गरिसकेका छन् । पोखराले सार्वजनिक यातायात प्रणालीमा सुधार ल्याउन डिजिटल भुक्तानी प्रणालीको परीक्षण थालेको छ । भरतपुर महानगरपालिकाले 'स्मार्ट सडकबत्ती' परियोजना अगाडि बढाएको छ, जसले ऊर्जा बचतमात्र होइन, रातको सुरक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

ललितपुर महानगरपालिकाले डिजिटल प्रशासनिक सेवामा आंशिक प्रगति गरेको छ, जहाँ नागरिकले घर नक्सा पास गर्ने, कर तिर्नेजस्ता काम अनलाइन प्रणालीमार्फत गर्न सक्ने व्यवस्था मिलाउँदैछ । धरानले पनि स्मार्ट सिटी अवधारणाअनुसार फोहोर व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउन पहल थालेको छ ।

स्मार्ट सिटी नेपालका लागि केवल भविष्यको सपना होइन, अहिले नै थालनी भइसकेको प्रक्रिया हो । तर विश्वसनीय इन्टरनेट, पर्याप्त ऊर्जा आपूर्ति, व्यवस्थित सडक र सार्वजनिक यातायात प्रणाली अपरिहार्य हुन्छन् । स्मार्ट प्रविधिको सञ्चालन र मर्मतका लागि दक्ष प्राविधिकको अभाव भए योजनाहरू दीर्घकालीन रूपमा सफल हुन सक्दैनन् । स्मार्ट सिटी परियोजनामा ठूलो लगानी आवश्यक पर्ने भएकाले सरकार र निजी क्षेत्रबीच साझेदारी अनिवार्य हुन्छ ।

काठमाडौं उपत्यकामा 'स्मार्ट सिटी मास्टर प्लान' तयार गरिएको भए पनि योजना र कार्यान्वयनबीचको अन्तर अझै ठूलो छ । आवश्यक बजेट, समन्वय र राजनीतिक इच्छाशक्ति नहुँदा योजना स्थिर रूपमा अघि बढ्न सकेको छैन । यस्ता चुनौतीहरू पार गर्न सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच सहकार्य अपरिहार्य छ ।

नेपालमा स्मार्ट सिटीको सम्भावना व्यापक देखिन्छ । जलविद्युत् उत्पादनले स्वच्छ ऊर्जामा आत्मनिर्भरता दिलाउन सक्छ । युवाशक्तिलाई प्रविधिमा दक्ष बनाउन सकिन्छ ।

यसैगरी, प्राकृतिक सौन्दर्यले पर्यटनलाई दिगो बनाउन सहयोग पुऱ्याउँछ । पोखरा वा लुम्बिनीलाई स्मार्ट सिटीका रूपमा विकास गरियो भने पर्यटकलाई सहज, सुरक्षित वातावरण प्रदान गर्न सकिन्छ, जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउनेछ । सारांशमा, स्मार्ट सिटी नेपालका लागि केवल प्रविधिमैत्री सहरको सपना होइन, दिगो सहरी विकास, जीवनस्तर सुधार र समृद्ध अर्थतन्त्र निर्माण गर्ने प्रमुख अवसर हो ।

अन्तर्राष्ट्रिय अभ्यास : स्मार्ट सिटी निर्माणको सन्दर्भमा विश्वका विभिन्न मुलुकहरूले प्रभावकारी अभ्यास गरेका छन् । सिंगापुरलाई 'स्मार्ट नेसन' भनिन्छ, जहाँ सार्वजनिक यातायातदेखि स्वास्थ्य र प्रशासनसम्म सबै सेवा डिजिटल प्रणालीमार्फत सहज रूपमा उपलब्ध छन् । दुबईमा स्मार्ट निगरानी प्रणाली र अनलाइन सरकारी सेवा प्रमुख रूपमा विकसित छन् ।

कोरियाको सोंगदो सिटीलाई आधुनिक स्मार्ट सिटीको नमुना मानिन्छ, जहाँ आईओटी, सेन्सर र हरित ऊर्जाको प्रयोग व्यापक छ । युरोपमा एम्स्टर्डम र बार्सिलोनाले स्मार्ट ऊर्जा, स्मार्ट यातायात र डिजिटल प्रशासनलाई प्राथमिकता दिएका छन् । स्मार्ट सिटी प्रविधिले जीवनस्तर सुधार, दिगोपन र आर्थिक समृद्धिमा ठूलो योगदान पुऱ्याउन सक्छ, जसको सन्दर्भ नेपालले पनि लिन सक्छ ।

निष्कर्ष : स्मार्ट सिटी केवल आधुनिक भवन र डिजिटल प्रविधिमात्र होइन, यो जीवनलाई सहज, सुरक्षित, दिगो र समावेशी बनाउन आवश्यक दृष्टिकोण हो । जहाँ नागरिकलाई गुणस्तरीय सेवा, स्वच्छ वातावरण, सुरक्षित जीवन, दिगो अर्थतन्त्र र अवसर प्राप्त हुन्छ, त्यही सहर नै वास्तवमा स्मार्ट सिटी हो । नेपालले पनि सहरी योजना स्मार्ट सिटी अवधारणामा जोड दिँदै भविष्यको दिगो विकासतर्फ अघि बढ्नु जरुरी छ ।


**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

छिपहरमाई गाउँपालिका
भिस्वा, पर्सा

## अन्तराष्ट्रिय समाचार

# बंगलादेशमा फेब्रुअरीमा चुनाव नहुने संकेत, १५ अधिकारीको गिरफ्तारीपछि सेनामा असन्तुष्टि

**काठमाडौं** । बंगलादेशमा आउँदो वर्ष फेब्रुअरीमा हुने भनिएको आम चुनाव अनिश्चित बनेको छ । राजनीतिक अस्थिरता, हिंसा र सेनाभित्रको गतिविधिका कारण चुनावी तयारी ठप्पजस्तै भएको छ ।

एकातिर पूर्व प्रधानमन्त्री शेख हसिना नेतृत्वको आवामी लीगमाथि प्रतिबन्ध लागेको छ भने अर्कातिर विपक्षी बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) को तयारीबीच जमात-ए-इस्लामीले 'सुधारबिना चुनाव हुन नदिने' चेतावनी दिएको छ ।

योसँगै, संकट सरकारबाट सेनासम्म बिस्तार भएको छ ।

अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण (आईसीटी) को आदेशमा १५ जना वरिष्ठ सैनिक अधिकारीलाई पक्राउ गरिएसँगै सेनाभित्र ठूलो असन्तुष्टि सिर्जना भएको छ । उनीहरूलाई ढाका क्यान्टोनमेन्टभित्र एउटा अस्थायी जेल बनाएर राखिएको छ ।

सरकारका लागि सबैभन्दा ठूलो चुनौती सेनाप्रमुख जनरल वकार-उज-जमानको कार्यकाल अर्को वर्ष सकिँदैछ । सरकारले उनको कार्यकाल बारे कुनै ठूलो टकराव नहोस् भन्ने चाहन्छ, तर स्थिति नियन्त्रणबाहिर गइरहेको देखिन्छ र फेब्रुअरीको चुनाव हालका लागि अनिश्चित बनेको छ ।

***आवामी लीगमाथि प्रतिबन्धपछि सरकारमाथि दबाब***

देशकै सबैभन्दा ठूलो पार्टी आवामी लीगको दर्ता निर्वाचन आयोगले मे २०२५ मा निलम्बन गरेको थियो । शीर्ष नेताहरू पक्राउ परे पनि पार्टीले सडकमा ऱ्याली जारी राखेको छ ।

सरकारले 'आवामी लीग अप्रासंगिक भइसकेको' दाबी गरे पनि यथार्थ फरक देखिन्छ । अन्तर्राष्ट्रिय विश्लेषकहरूले यस्तो वातावरणमा चुनाव एकतर्फी हुने चेतावनी दिएका छन् । सरकारमाथि विपक्षलाई अवसर दिन बाह्य दबाब बढ्दै गएको छ ।

***हिंसा नरोकिने संकेत, शान्तिपूर्ण चुनावमा शंका***

बंगलादेशमा पछिल्ला १० महिनामा २५३ वटा प्रदर्शनमा १६३ जनाको मृत्यु र ३१२ जना घाइते भएका छन् । धार्मिक हिंसा समेत तीव्र भएको छ, विशेषगरी हिन्दू अल्पसंख्यकमाथि आक्रमण बढेका छन् ।

गैरसरकारी संस्थाहरूले 'देशमा कानूनी व्यवस्था धरमर भइसकेको' बताएका छन् । ढाका, चिटगाउँ र सिलेटमा निरन्तर झडप भइरहेको छ ।

यो पृष्ठभूमिका कारण निष्पक्ष मतदान गराउनु सुरक्षा निकायका लागि ठूलो चुनौती बन्दै गएको छ ।

***राजनीतिक सहमति न्यून, विवादमा जुलाई चार्टर***

जुलाई २०२४ को जनआन्दोलनबाट तय गरिएको 'जुलाई नेशनल चार्टर' लाई कानुनी मान्यता दिनुपर्ने माग तीव्र बनेको छ । जमात-ए-इस्लामी, एनसीपी (नेशनल सिटिजन पार्टी) र इस्लामी आन्दोलन बंगलादेशजस्ता दलहरूले चार्टर लागू नगरी चुनाव नलड्ने चेतावनी दिएका छन् ।

उक्त सहमतिमा समानुपातिक प्रतिनिधित्व प्रणालीमा मतका आधारमा संसदमा सिट बाँडफाँड गर्ने, नोभेम्बर २०२५ मा जनमत संग्रह गरी चार्टर संविधानमा समावेश गर्ने लगायतका माग छन् ।

***सेनाभित्र विभाजन***

अन्तर्राष्ट्रिय फौजदारी न्यायाधीकरण (आईसीटी) को आदेशमा पक्राउ परेका १५ अधिकारीमाथि हसीनाको शासनकालमा जबरजस्ती बेपत्ता पार्ने र यातना दिने काम गरेको आरोप छ । यो घटनापछि सेनाभित्र दुई गुट खुलेर देखिएका छन् ।

पहिलो, जनरल रहमान समूह - सरकार समर्थक, राजनीतिक स्थिरताका लागि सरकारको साथ दिनुपर्ने धारणा राख्ने समूह । दोस्रो, मेजर जनरल आरिफ चौधरी समूह - सेना राजनीतिबाट टाढा रहनुपर्ने माग । यस समूहले सेनाप्रमुखले गिरफ्तारीमा हस्तक्षेप नगरेको भन्दै प्रश्न उठाइरहेको छ ।

शेख हसीना झण्डै २० वर्षसम्म प्रधानमन्त्री पदमा रहेकी थिइन् । अहिले देश राजनीतिक रूपले अस्थिर अवस्थाबाट गुज्रिरहेको छ, जसले फेब्रुअरी २०२६ को चुनाव अझ अनिश्चित बनाइदिएको छ ।

***आरोप-प्रत्यारोपमा दलहरू***

बङ्गलादेश नेश्नालिस्ट पार्टी (बीएनपी) ले मङ्गलबार कट्टरपन्थी इस्लामवादी पार्टी जमात-ए-इस्लामीले जुलाई चार्टरमाथि नोभेम्बरमा जनमत संग्रहको लागि गरेको आह्वानप्रति शङ्का व्यक्त गरेको छ ।

स्थानीय सञ्चार माध्यमका अनुसार, बीएनपीले यो अर्को वर्षको राष्ट्रिय चुनाव ढिलाइ गर्ने उद्देश्यले बनाइएको 'मास्टर प्लान' को हिस्सा हुनसक्ने सङ्केत गरेको छ ।

ढाकाको जातीय प्रेस क्लबमा भएको एक छलफललाई सम्बोधन गर्दै बीएनपीका वरिष्ठ संयुक्त महासचिव रुहुल कबीर रिजवीले जमातले नोभेम्बरमै जनमत संग्रह गराउने जिद्दीले सन् २०२६ को फेब्रुअरीमा हुने चुनावको तयारीमा बाधा पुऱ्याउन सक्ने चेतावनी दिए ।

बङ्गलादेशी सञ्चार माध्यम यूएनबीले रिजवीलाई उद्धृत गर्दै भन्यो, 'जुलाई चार्टरमा जनमत संग्रहको कुरा छ, अहिले तपाईंहरू यसलाई नोभेम्बरमा गराउन माग गर्दै हुनुहुन्छ । तर धेरैजसो राजनीतिक दलहरूले संसदीय चुनावकै दिन जनमत संग्रह गराउने सहमति गरिसकेका छन् । यसले अतिरिक्त समय लिँदैन र खर्च पनि बचत गर्छ ।' उनले प्रश्न गरे, 'यसले त केवल अव्यवस्था निम्त्याउँछ । तपाईं कुन पहिले सक्नुहुन्छ, र कहिले? समय छँदै छैन । यदि नोभेम्बरमा जनमत संग्रह गरियो भने, राष्ट्रिय चुनाव इद-उल-अजहा सकिएलगत्तै गर्नुपर्ने हुन्छ । त्यसो भए, नोभेम्बरमा जनमत संग्रहको माग गर्नुको पछाडि तपाईंहरूको कुनै अर्को मास्टर प्लान छ कि?'

बीएनपी नेताले जनमत संग्रह र राष्ट्रिय चुनाव दुवै एउटै दिन गर्दा समय बचत हुने र प्रक्रिया सहज हुने तर्क गरेका छन् ।

रिजवीले जमातमाथि डिजिटल प्लेटफर्ममार्फत झूटा प्रचार प्रसार गर्न विशेष टोली बनाएको आरोप पनि लगाए ।

बङ्गलादेशी दैनिक पत्रिका 'ढाका ट्रिब्यून' ले छलफलका क्रममा बीएनपी नेतालाई उद्धृत गर्दै भन्यो, 'जमातले डिजिटल प्लेटफर्मको प्रयोग गरेर भ्रामक अभियान चलाइरहेको छ । उनीहरूले सामाजिक सञ्जालमा झूट, आपत्तिजनक टिप्पणी र अश्लील सामग्री फैलाउन युवाहरूको समूह बनाएका छन् । यी मानिसहरूले झूठलाई प्याकेज बनाएर नियमित रूपमा फैलाइरहेका छन् ।'

अर्को वर्षको चुनाव नजिकिँदै गर्दा बङ्गलादेशमा अनिश्चितता र राजनीतिक उथलपुथल बढ्दै गएको छ ।

शेख हसिना नेतृत्वको लोकतान्त्रिक रूपमा निर्वाचित अवामी लीग सरकारलाई पदच्युत गर्न यसअघि मुहम्मद युनुससँग सहकार्य गरेका दलहरू अहिले सुधार प्रस्तावहरूमा मतभेदका कारण आपसमा झगडा गरिरहेका छन् ।

(भारत र बंगलादेशका केही सञ्चार माध्यमको सहयोगमा)

जनहितमा जारी सन्देश
- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने क्रम नगरौं ।
- नगरलाई प्रदुषण मुक्त गरी हाराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- लैगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
कलैया उपमहानगरपालिका
कलैया, बारा

जनहितमा जारी सन्देश
- समयमा कर तिरौं, नगरको विकासमा सहभागी बनौं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाई-सराई लगायतका घटनाहरु समयमै दर्ता गरौं ।
- सरसफाई हामी सबैको पहिचान हो । स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आगन, सडकपेटी जथाभावी फोहर फाल्ने क्रम नगरौं ।
- नगरलाई प्रदुषण मुक्त गरी हाराभरा बनाऔं ।
- वातावरण हामी सबैका साझा सम्पती हो ।
- जथाभावी फोहर नफालौं र आफ्नो क्षेत्र सफा राख्न सहयोग गरौं ।
- लैगिक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
पोखरिया नगरपालिका
पोखरिया, पर्सा







तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# ज्ञान सरोबर ऐकेडेमी कलैयाले अतिरिक्त क्रियाकलाप अन्तर्गत सिद्धेश्वर नाथ महादेव मन्दिरमा सरसफाई

शु.आ. सम्वाददाता
कलैया, २९ असोज

ज्ञान सरोबर ऐकेडेमी कलैयालले बिधार्थीहरु पाठ्यक्रम अध्यापन सहित अतिरिक्त क्रियाकलापमा समेत जोड दिने गरेको छ। जसको फलस्वरूप स्वरूप कलैयाको शैक्षिक क्षेत्रको छोटो समयमा नै प्रख्यात हुन पुगेको छ।

ज्ञान सरोबर ऐकेडेमी कलैयाले पिजि कक्षा देखि हाल कक्षा ९ सम्म अध्यापन अनुमति मात्र पाएकोमा कलैयाको शैक्षिक क्षेत्रमा छुट्टै स्थान हासिल गरेको छ।




उक्त ऐकेडेमीले आफ्नो बिधार्थीहरुलाई पाठ्यक्रम बाहेक समय समयमा अतिरिक्त क्रियाकलाप समेत गराउने गरेकोमा बुधबार कक्षा ७, ८ र ९ कक्षामा अध्ययनरत बिधार्थीहरुलाई अतिरिक्त क्रियाकलापको छौठो दिन सिद्धेश्वर नाथ महादेव मन्दिरमा सरसफाई गराएको छ।

यस्ता अतिरिक्त क्रियाकलापले बिधार्थीहरुको सानै उमेर देखि समाज प्रति जिम्मेवार बनाई उनिहरुको चौतर्फी विकाशमा टेवा पुर्याउने आफ्नो उदेश्य रहेको उक्त बिधालयको शिक्षक राजु साहले यस दैनिकलाई बताएका छन्। साथै शिक्षक साहको अनुसार यस ऐकेडेमीले विधार्थीहरुको चौतर्फी विकासको लागि हाम्रो साँस्कृतिक झल्काउने परम्परागत चाँड पर्वमा बिभिन्न कार्यक्रमको आयोजना सहित बिभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरू सहित पिकनिक स्थलहरुमा बिधार्थीको भ्रमण समेत गराउने गरेका छौं।

यसरी बिधार्थीहरुलाई बाहिरी बाताबरणमा घुलमिलले समाजको यथार्थ चित्रण गर्न सजिलो भएको तथा बिधार्थीहरुको चौतर्फी विकासका टेवा पुग्ने बिश्वास रहेको शिक्षक साहले समेत बताएका छन्।

उक्ता कार्यक्रममा ज्ञान सरोवरका शिक्षिकाहरु अल्का पान्डे, गिता भट्टराई, शिक्षकहरु विकाश शर्मा र सन्दिप केशरिको उपस्थिति रहेको थियो।

सरसफाई कार्यक्रम पश्चात् श्री सिदेश्वर संस्कृत माध्यमिक विधालयका प्रधानाध्यापक ज्योतिषीय छविरमण सुबेदिले खुशी हुँदै ज्ञान सरोबर विद्यालय तथा सरसफाई गरेका विद्यार्थिहरुलाई धन्यवाद दिदै ज्ञान सरोबर एकेडमीले समाजमा एउटा नमुना उदाहरण प्रस्तुत गरेको बताएका छन् ।साथै उनके उक्त विद्यार्थिहरुलाई ज्ञान, विज्ञान, धर्म, साँस्कृतिक, रिति, रिवाज तथा परम्परा नै मानिसको पहिचान हो र हामीले आफ्नो धर्म, साँस्कृतिक माथी गर्व गर्दै यस्को संरक्षण गर्नुपर्ने सुझाव दिएका छन्।

# युवा नेता दुबेले मदर्शामा गरे पंखा सहयोग

*बारा, २८ असोज*

जनमत पार्टीका केन्द्रिय सदस्य तथा फेटा गाउपालिका अध्यक्षको भावी उम्मेदवार युवा नेता उमेश दुबेले मदर्शामा सहयोग स्वरूप पंखा प्रदान गरेका छन।

मदर्शामा अध्यन गर्ने बिद्यार्थीहरूलाई हालको समयमा पनि गर्मी महसूस भएको कारण पंखा बितरण गरेका हुन।




फेटा गाउपालिका वडा नम्बर ६ पुरैनिया स्थित रहेको मदर्शा हुसैनिया इनर्वा पुरैनियामा युवा नेता दुबेले एक थान पंखा बितरण गरेका छन। युवा नेता दुबेले पंखा बितरण मात्र गरेका छैन्न, समाजमा बढ्दै गएको नकारात्मक सोचलाइ सकारात्मक सोचमा परिवर्तन गर्नको निम्ति मदर्शामा पंखा बितरण गरिएको बताए। यता युवा नेता दुबेले समाजमा गरिरहेको कार्य प्रती स्थानीयहरूले प्रशन्सा गर्नेहरूको संख्या दिन प्रती दिन बढ्दै गएको देखिन्छ। कुनै पदमा नरहेपनी समाजमा हुने कुरूती, भ्रष्टाचारको बिरूध लडदै समाजमा सकारात्मक सन्देश दिने एक मात्र युवा नेता उमेश दुबे रहेको स्थानीयहरू बताउछन।

# बरहवा पुलबाट हाम फाल्दा एक युवकको मृत्यु

*शुभ आरम्भ संवाददाता*
*रौतहट, २८ असोज*

गौर नगरपालिका-५ स्थित बरहवा पुल माथिबाट ३५-४० बर्षको पुरुष व्यक्ति हामफालेको खवर आज साँझ ५.१५ बजेको समयमा प्राप्त हुनासाथ तत्कालै उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय रौतहट, सशस्त्र प्रहरी बल हजमिनिया र वीरदल गण पुरेनवाबाट खटिएका टोलीले डुंगाको मद्दतबाट खोजी कार्य गर्दा ठिक १ घण्टा पश्चात बरहवा नदीमा फेला पारेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको हो।



अचेत अवस्थामा फेला परेका युवकलाई उपचारको लागि प्रादेशिक अस्ताल गौरमा चिकित्सकले चेकजाँच गर्दा मृत घोषणा गरेको जानकारी दिदै सूचना अधिकारी एवं डिएसपी राजु कार्कीले मृतक व्यक्तिको अहिले सम्म पहिचान खुल्न नसकेको बताए।

मृतकको शव प्रादेशिक अस्पताल गौरमा राखिएको छ। वर्ण गहुँ गोरो, मझौला शरिर, उचाई ५ फिट ७ ईन्च, हरियो फुल भेष्ट, कलेजो रंगको फुल ट्रयक, लगाएको, कपाल कालो रहेको, तराई मुलुकको जस्तो देखिने पुरुष व्यक्तिको शव रहेको हुँदा पहिचान गर्ने व्यक्ति जिल्ला प्रहरी कार्यालय गौरमा सम्पर्क राख्न वा ९८५५०४०६०७ मा खवर गर्न अनुरोध उनले गरे। प्रहरीले अनुसन्धान कार्य जारी राखेको उनले बताए।

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं।**

## श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय

कोल्हवी न.पा.-९ अरेम्बा बिर्ता, बारा

पत्र संख्या :-२०८२/०८३
स्था. २०४५
च.नं. :- ९
मिति:-२०८२/०६/१८....

प्रथम पटक प्रकाशित मिति:२०८२/६/२८

**विषय: विज्ञापन सम्बन्धमा।**

प्रस्तुत विषयमा कोल्हवी नगरपालिकाको च.नं.७१४ मिति २०८२/०६/०८को प्राप्त अनुमति पत्रानुसार तथा यस विद्यालयको वि.व्य.स.को मिति२०८२/०६/२७ को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी पदमा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि १५ दिनभित्र देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट दरखास्त आह्वान गरिन्छ।

१. विज्ञापन नं.:०१/२०८२/०८३

२. पद: कार्यालय सहयोगी

३.नियूक्तिको किसिम: करार

४.तलव भत्ता: नेपाल सरकारले तोके बमोजिम

५.परीक्षा दस्तुर: रु.५०५/-

६.शैक्षिक योग्यता: १०+२ वा सो सरह उतिर्ण गरेको

७.परीक्षाको किसिम: लिखित तथा अन्तरवार्ता

८.उमेरको हद: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

९. दरखास्त दिने अन्तिम मिति:२०८२/०७/११ गते सम्म

१०. सम्पर्क मिति:२०८२/०७/१२ गते

११. आवश्यक कागजात: हस्त लिखित निवेदन-१ थान, नागरिता तथा शैक्षिक योग्यताको चारित्रिक र लब्दांक पत्रको प्रमाणित प्रतिलिपि-१/१ प्रति

१२. विस्तृत जानकारीको लागि सम्पर्क नं.: ९८४५१९४०८०, ९८५५०४९१६९

प्रधानाध्यापक
गगनदेव चौधरी
प्रधानाध्यापक

# मानवता प्रतीक पत्रकार शेषनाथ सहनीले रगतदान गर्दै बचाए मिरा देवीको जीवन

*बारा, २८ असोज*

बारा जिल्लाका चर्चित पत्रकार शेषनाथ कुमार सहनीले मानव सेवा र मानवीय समर्पणको अद्वितीय उदाहरण प्रस्तुत गर्दै कलैया उपमहानगरपालिका-१५ की मिरा देवीको जीवन बचाउने महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।



बहहरीस्थित एल.एस. न्युरो एण्ड हस्पिटलमा उपचाररत मिरा देवीलाई अत्यावश्यक रगत अभाव भएपछि परिवार अत्यन्तै चिन्तित थिए। यस्तो गम्भीर अवस्थामा पत्रकार सहनीले जानकारी प्राप्त गरिसकेपछि ढिलाइ नगरी अस्पताल पुगेर स्वेच्छिक रूपमा रगतदान गरे। उनको यस सहयोगले उपचारमा आएको संकट मात्र हटेन, एक जीवनलाई नयाँ आशा पनि प्रदान भयो।

रगतदान पश्चात् पत्रकार सहनीले भने, “पत्रकारिता केवल कलमको सीमामा मात्र सीमित हुँदैन, समाज र मानवतालाई सहारा दिने दायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।”

मिरा देवीका परिवारजनले सहनीको यस मानवतापूर्ण योगदानप्रति हार्दिक आभार व्यक्त गर्दै यस्ता कार्यहरूले समाजमा “रक्तदान जीवनदान हो” भन्ने सन्देशलाई व्यवहारिक रूपमा पुष्टि गरेको बताए।

स्थानीयवासी तथा सामाजिक अभियन्ताहरूले समेत पत्रकार सहनीको कार्यलाई प्रेरणादायी र अनुकरणीय बताउँदै समाजसेवामा पत्रकारिताको महत्त्वपूर्ण भूमिकालाई उजागर गरेको टिप्पणी गरेका छन्।

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस्।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं।**